# मादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थुमाकोडाँडा, कास्की
गण्डकी प्रदेश, नेपाल

मादी गाउँपालिका

पत्र सङ्ख्या : २०७९/०८०
च. नं. : ११८२

मिति : २०७९ / १०/ २७

**विषय : राष्टपति रनिङ शिल्ड प्रतियोगिता सम्बन्धमा ।**

श्री गाउँपालिका स्थित सबै माध्यमिक विद्यालयहरु,
मादी गाउँपालिका, कास्की ।

प्रस्तुत विषयमा मादी गाउँपालिका स्तरीय राष्ट्रिपति रनिङ शिल्ड प्रतियोगिता व्यावस्थापन तथा निर्देशन समितिको मिति २०७९।१०।२६ गतेको निर्णय अनुसार मादी गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०७९ सञ्चालन हुने भएकोले गाउँपालिका स्थित सम्पूर्ण माध्यमिक विद्यालयहरुलाई तपसिल बमोजिमको समय तालिका अनुसार सहभागिताको लागि अनुरोध छ ।

**तपसिल:-**

**१**. खेल सञ्चालन हुने मिति समय र स्थान

- मिति : २०७९।११।८ र ९ गते , विहान १० बजेबाट,
- आयोजक: मादी गाउँपालिका,शिक्षा युवा तथा खेलकुद शाखा , व्यवस्थापक/संचालक: ध्रुव मा.वि. मादी-४,
- स्थान : मादी वडा नं ४,बेतेनी, तारकाङ,

**२**. सञ्चालन हुने खेलहरु

१. भलिवल छात्र/छात्रा दुबैमा खेलाडी सहभागी संख्या ९/९ जना, १ जना प्रशिक्षक र १ जना व्यवस्थापक,
२. ठेलो ,
३. एथलेटिक्स,दौड (ट्र्याक) तर्फ: छात्र/छात्रा १०० मि., २०० मि.

३ . प्रतियोगितामा सहभागीले पालना गर्नुपर्ने नियमहरु:

- राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० बमोजिम खेल सञ्चालन हुनेछ ।
- खेलाडी चालु शैक्षिक सत्र २०७९ मा कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत १८ वर्ष भन्दा मुनिका छात्र/छात्राहरु हुनुपर्नेछ ।
- खेलाडीको नाम दर्ता गर्दा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० को अनुसुची १ बमोजिमको फाराममा खेलाडीको फोटो टाँसी अनिवार्य रुपमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि सहितविवरण भरी पेश गर्नु पर्ने छ । अन्यथा खेलाडीको फर्म दर्ता हुने छैन । गैर विद्यार्थीलाई सहभागी गराइने छैन ।
- खेलकुदमा सहभागी हुने विद्यालयहरुले खेलाडी विद्यार्थीको विवरण मिति २०७९।११।०४ गते कार्यालय समय भित्र दर्ता गरी सक्नुपर्ने छ ।
- खेलाडीको विषयमा कुनै विवाद भएमा राष्ट्रिपति रनिङ शिल्ड प्रतियोगीता व्यावस्थापन तथा निर्देशन समितिको निर्णय अन्तिम हुनेछ ।
- मिति २०७९।११।०८ गते विहान १०:०० बजे हुने मार्चपासको लागि खेलाडी विद्यालयको व्यानर र झण्डा सहित उपस्थित हुनुपर्ने छ साथै खेलाडीले आफ्नो खेल अनुसारको ड्रेस र जुता लगाउनु पर्ने छ । पोसाकको व्यवस्था विद्यालयले गर्नुपर्नेछ ।

२०७९।१०।२६
खगेन्द्र लामिछाने
शिक्षा अधिकृत

अनुसूची १

## सहभागी हुन भर्नुपर्ने फारामको ढाँचा प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारामको नमुना

(दफा ४ (१) सँग सम्बन्धित)

| सहभागी विद्यार्थीको हालसालै खिचिएको फोटो |
|---|

१. सहभागी विद्यार्थीको नामः

२. विद्यालयको नाम ठेगाना :

३. अध्ययनरत कक्षाः

४. जन्म मिति :

५. सहभागी हुने खेल :

६. सहभागी हुने विद्यार्थीको हस्ताक्षरः

उल्लेखित व्यहोरा ठिक साँचो हो भनि प्रमाणित गर्ने ,

छनौट गर्ने विद्यालयको
प्रधानाध्यापकको नामः
हस्ताक्षरः
मितिः
मोबाइल नं .
विद्यालयको छापः

नोट : खेलाडीको नागरिकता प्रमाणपत्र तथा जन्मदर्ता प्रमाणपत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्ने छ ।